आज मिति २०७९ श्रावण १५ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको पाँचौ (५/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चौधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | श्री मंगल बहादुर शाही | |

## मिति : २०७९/०४/१५ गते कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(४/२०७९-०८४) कार्यपालिका बैठकको निर्णय

**विषय सूची :**

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्वन्धमा ।

२. चालु आ.व. ०७९/०८० को नगर दर रेट सम्वन्धमा ।

३.मतदान स्थल सम्वन्धमा ।

४.टीकापुर जेसीज वर्ष, २०२२ क्षेत्र "घ" सम्मेलन सम्वन्धमा ।

५.हेलो मेयर कार्यक्रम सम्वन्धमा ।

६.कार्यविधि स्वीकृत सम्वन्धमा ।

७.कार्यपालिका सदस्यको सेवा सुविधा सम्वन्धमा ।

८. लागत साझेदारी सम्वन्धमा

९.आर्थिक सहयोग सम्वन्धमा ।

१०.संस्कृति प्रवर्द्धन तथा दिवस सम्वन्धमा ।

११. विविध व्यवस्थापन सम्वन्धमा ।

**निर्णय :**

निर्णय नं. १ :क) यस नगरपालिकाको (४/२०७९-०८४) कार्यपालिका बैठकको समीक्षा गरियो । यस अघीको कार्यपालिका बैठकमा नगरपालिकाको फोहरमैला व्यवस्थापन गर्ने सम्वन्धमा सार्वजनिक सूचना आह्वान गर्ने निर्णय गरिएको, दीगो रुपमा फोहरमैला व्यवस्थापनको लागि प्रक्रिया अगाडि वढाउन थप अध्ययन गर्नुपर्ने देखिएको हुँदा तपसिल वमोजिमको अध्ययन टोली गठन गर्ने र उक्त अध्ययन टोलीले प्रतिवेदन पेश गरे पश्चात सार्वजनिक सूचना आह्वान गर्ने ।

तपसिल :

| क.स. | सम्वन्धितको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री वलीराम चौधरी | संयोजक | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक |

प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | श्री रुपमती चौधरी | सदस्य | कार्यपालिका सदस्य |
| ३ | श्री नरेश वि.क | सदस्य | १ नं. वडा सदस्य |
| ४ | श्री कनैया चौधरी | सदस्य | ५ नं. वडा सदस्य |
| ५ | श्री निर्मला चौधरी | सदस्य सचिव | सम्बन्धित शाखा प्रमुख |

ख) यस नगरपालिकाको गत आ.व. २०७८/०७९ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदनमा औंल्याईएका विषयहरु माथि छलफल गरियो साथै औंल्याईएका विषयहरुलाई सुधार गर्दै अगाडि बढ्ने ।

निर्णय नं. २ :- स्थानिय सरकार संञ्चालन ऐन २०७४,को दफा १३ अनुसार आ.व. २०७९/०८० को लागि नगरपालिका क्षेत्रभित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री,कामदारको ज्याला,ढुवानी,घरभाडा,मेशिन तथा उपकरणको भाडा तथा महसुलका साथै वायो इन्जिनियरिङ्गका सामान तथा पशुचौपायालगायतका दररेट यस नगरपालिकाको नगर दररेट निर्धारण समितिबाट सिफारिस भए बमोजिम स्विकृत गर्ने ।

निर्णय नं. ३ :- यस टीकापुर नगरपालिकाको वडा नं. १ स्थित विरेन्द्र विद्या मन्दिरमा रहेका मतदाताको चाप र असहजतालाई हेरी अर्को मतदान स्थान थप गर्नुपर्ने देखिएको हुंदा टीकापुर नगरपालिका वडा नं. १ स्थित टीकापुर वहुमुखी क्याम्पसमा थप मतदान स्थल राख्न प्रदेश निर्वाचन कार्यालयलाई सिफारिस साथ अनुरोध गर्ने तथा मतदाताहरुलाई छुट्टाउँदा वर्णानुक्रम अनुसार अ देखि प सम्म विरेन्द्र विद्या मन्दिरमानै यथावत रहने , फ देखि ज्ञ सम्मका मतदातालाई टीकापुर वहुमुखी क्याम्पसमा स्थानान्तरणका लागि मतदान स्थल कायम गरीदिन समेत अनुरोध गर्ने ।

निर्णय नं. ४ :- टीकापुर जेसीज वर्प, २०२२ परिवार टीकापुर, कैलालीको आयोजनामा यस नगरपालिका क्षेत्रमा यस क्षेत्रका सम्भावनामाथि वहस, छलफल र प्रचार प्रसार गर्ने मूल उद्देश्यका साथ क्षेत्र "घ" सम्मेलन आयोजना गर्न लागेको हुँदा आवश्यक रकम सहयोगका लागि प्रस्तावना पेश भएकोमा उक्त सम्मेलनका लागि रु. १०,००,०००।- (दश लाख) आ.व. ०७८/०७९ को बचत हुन आएको रकमबाट उपलब्ध गराउने ।

निर्णय नं. ५ :- समसामयिक सूचना प्रविधिसँग विकास र सुशासनलाई जोड्ने उद्देश्यका साथ यस नगरपालिकामा हेलो मेयर कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. ६ :-यस नगरपालिकाको कार्य सन्चालन प्रक्रियालाई व्यवस्थित गरी नगरपालिकाबाट सम्पादन हुने कामकारवाहीलाई प्रभावकारी बनाउन तपसिल बमोजिमको कार्यविधि स्वीकृत गरियो ।

१.टीकापुर नगरपालिका, विषयगत समिति (कार्यसन्चालन) कार्यविधि, २०७९

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

२.मानवीय सहायतार्थ नगद सहायता (कार्यसञ्चालन) कार्यविधि, २०७९

**निर्णय नं. ७ :-** यस नगरपालिकाको कार्यपालिका सदस्यहरुलाई चालु आ.व.०७९/०८० मा मेशनरी औजार तथा ईलेक्ट्रोनिक सामाग्री खरिद शिर्षकमा विनियोजित वजेटबाट प्रति कार्यपालिका सदस्य एक/एक थान मोबाईल सेट (अधिकतम पच्चीस हजारको सिमाभित्र रहने गरी ) र एक/एक थान रेनकोट उपलब्ध गराउने ।

**निर्णय नं. ८ :-** यस नगरपालिकालाई सुन्दर, स्वच्छ र सांस्कृतिक शहरको रुपमा विकास गर्न " स्वच्छ टीकापुर, सुग्घर टीकापुर" कार्यक्रम लागत साझेदारीमा अभियान संचालन गर्ने ।

**निर्णय नं. ९ :**क) यस नगरपालिका क्षेत्र अन्तर्गत वसोवास गर्ने देहाय बमोजिमका व्यक्तिहरु जटिल रोगबाट पिडीत भएको ,आर्थिक अभावका कारण औषधी उपचार गर्न नसकि रहेको हुँदा आर्थिक सहयोग गरी पाउँ भनि नगरपालिका समक्ष निवेदन प्रेश भएको सम्वन्धमा चालु आ.व. ०७९/०८० का लागि आर्थिक सहयोग शिर्षकमा विनियोजित वजेटबाट तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।

तपसिल :

| क.सं. | नाम थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सूर्या साउँद | वडा नं. १, ब्लक नं.टी.न.पा | २५,०००।- | |
| २ | निशा चौधरी | वडा नं. ९, टी.न.पा. | २५,०००।- | |
| ३ | सरस्वती नेपाली | वडा नं. ४,टी.न.पा | २५,०००।- | |
| ४ | समीर चौधरी | वडा नं. ७,टी.न.पा | २५,०००।- | |
| ५ | सुर्जा देवी भट्टराई | वडा नं. १, .टी.न.पा | २५,०००।- | |
| | | जम्मा | १,२५,०००। | |

ख) नगरपालिकामा विभिन्न व्यक्ति/संघ/ संस्थाबाट आर्थिक सहयोगका लागि अनुरोध भई आउने गरेकोमा आर्थिक सहयोगलाई व्यवस्थित र प्रभावकारी वनाउन आर्थिक सहयोग सम्वन्धी कार्यविधि वनाई सोही बमोजिम गर्ने ।

**निर्णय नं.१० :-** विभिन्न संघ/संस्था तथा समुहहरुबाट संस्कृति प्रवर्द्धन तथा दिवस मनाउन आर्थिक सहयोगका लागि अनुरोध भई आएको सन्दर्भमा चालु आ.व. ०७९/०८० का लागि विभिन्न दिवस, सभा, समारोह, उत्सव र स्थानीय संस्कृति प्रवर्द्धन शिर्षकमा विनियोजित वजेटबाट तपसिल बमोजिम रकम उपलब्ध गराउने ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

तपसिल :

| क्र.सं. | सम्बन्धित कार्यक्रम | सम्बन्धित संघ/संस्था/समूह | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | विश्व आदीवासी जनजाती दिवस, २०७९ | नेपाल आदीवासी जनजाती महासंघ नगर समन्वय परिषद, टीकापुर कैलाली | ५०,०००। | |
| २ | गुरही पूजा | थारु कल्याणकारिणी सभा, क्षेत्र नं. १, टीकापुर | १५,०००। | |
| ३ | मुक्ती दिवस | टीकापुर नगरपालिका, मुक्त कमैया नगर समिति | ५०,०००। | |
| ४ | मोहरम | मुस्लिम समुदाय, टी.न.पा. | १५,००० । | |
| | | जम्मा | १,३०,०००। | |

निर्णय नं. ११ :-क)यस नगरपालिकाको सेवा प्रवाहलाई व्यवस्थित रुपमा संचालन गर्नका साथै निरीक्षण अनुगमनका क्रममा तत्काल व्यवस्थापन गर्नुपर्ने आवश्यकता महशुष गरिएका तथा विभिन्न संघ/संस्था/व्यक्तिहरुवाट अनुरोध भई आएका देहाय बमोजिमका विषय/क्षेत्र/योजनाहरुमा गत आ.व. ०७८/०७९ को बचत हुन आएको रकमवाट विनियोजन गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

तपसिल :

| क्र.सं. | सम्बन्धित विषय/क्षेत्र/योजना | सम्बन्धित संघ/संस्था/व्यक्ति/ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कालाकुण्डा प्रहरी चौकीको भान्सा घरको छाना मर्मत तथा शौचालय मर्मत | कालाकुण्डा प्रहरी चौकी | १,००,००० | |
| २ | वडा नं.६ को वडा कार्यालयको भवनको अधुरो कार्य निर्माण ( झ्याल ,विद्युत पोईन्ट लगायत) | वडा नं. ६स्थित वडा कार्यालय | लागत ईष्टिमेट बमोजिम | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | वडा नं. १ स्थित रामजानकी मन्दिर, वडा नं. १ को छाना मर्मत | वडा नं. १, टी.न.पा | लागत ईष्टिमेट बमोजिम | |
| ४ | वडा नं. ८ स्थित बुद्धिराम चौधरीको घर देखि फाँटा जोड्ने.बाटो मर्मत | वडा नं. ८, टी.न.पा | लागत ईष्टिमेट बमोजिम | ( बाढीमा भत्किएको बाटो ) |
| ५ | वडा नं.९ स्थित खोपकेन्द्रको छाना मर्मत | वडा नं. ९, टी.न.पा | लागत ईष्टिमेट बमोजिम | |
| ६ | श्रीलंका आधारभूत स्वास्थ्य केन्द्रमा विद्युत मिटर जडान तथा पंखा जडान | वडा नं. ८, टी.न.पा | लागत ईष्टिमेट बमोजिम | |
| ७ | वडा नं. ५ को कार्यालय भवनको परिसर पटानी ( सतह मिलान) | वडा नं. ५, टी.न.पा | लागत ईष्टिमेट बमोजिम | |
| | | | | |

ख) यस नगरपालिकाको मूख्य चोक चौराहमा High Mast Light को व्यवस्थाका लागि गत आ.व. ०७८/०७९ को वचत हुन आएको रकमबाट रु. १०,००,०००। (दश लाख) विनियोजन गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।

ग) सेवा प्रवाहलाई थप व्यवस्थित रुपमा संचालन तथा व्यवस्थापन गर्न वडा नं. १ को वडा कार्यालय सार्नु पर्ने देखिएको हुंदा आवश्यक संरचना/पूर्वाधार निर्माण सहित वडा नं. १ स्थित नगर विकास समितिको गेष्टहाउसमा वडा कार्यालय सार्ने र उक्त भवन वडा कार्यालयलाई प्रयोग गर्न दिन नगर विकास समिति, टीकापुरमा अनुरोध गर्ने ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत